परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १४ २०७९ कार्तिक २० गते आईतवार Sunday 6, NOV 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## भयरहित वातावरणमा निर्वाचन गराउन निर्देशन

विराटनगर । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्कीले भयरहित वातावरणमा निर्वाचन गराउन प्रशासनलाई निर्देशन दिएको छ ।

शनिवार विराटनगरमा गृह मन्त्रालय तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले संयुक्त रूपमा आयोजना गरेको प्रदेशस्तरीय सुरक्षा गोष्ठीले आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्र कार्कीले यस्तो बताउनु भएको हुन ।



सरकारले शान्तिपूर्ण ढङ्गले निर्वाचन सम्पन्न गर्ने दृढ रहेको सरकारले निर्वाचनमा हुनसक्ने सम्पूर्ण जोखिम तथा चुनौतीहरूलाई अध्ययन गरेर भयरहित वातावरणमा निर्वाचन गराउन प्रशासनलाई निर्देशन दिएका छन् ।

आवधिक निर्वाचनले लोकतन्त्र लाई विजयी गराउने बताउँदै मन्त्री कार्कीले योजना र कार्यदिशाका साथ निर्वाचन सम्पन्न गर्ने बताउनु भयो । प्रदेशले निर्वाचन सम्पन्न गर्नका १४ जिल्लाकै निर्वाचन कार्यालयमा सुरक्षाका लागि आवश्यक साधन श्रोतको उपलब्ध गराउन निर्देशन दिएको बताए ।

निर्वाचनमा सूचनाको संयन्त्र प्रभावकारी बनाउन निर्देशन दिँदै मन्त्री कार्कीले निर्णयका कुराहरू एकरूपताका साथ कार्यान्वयन गर्न निर्देशन दिए । कार्यक्रममा १४ जिल्लाकै सुरक्षाका अधिकारीहरूले जिल्लाको स्थितिका बारेमा प्रस्तुति दिएका थिए ।

## एमालेपक्षमा जनलहर, सत्ता रुढ गठबन्धन निरास

विराटनगर, कार्तिक १९ गते । प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि आगामी ४ मंसिरमा हुने निर्वाचनमा देश भरी नै नेपाल कम्युनिष्ट पार्टी (एमाले)को पक्षमा जनलहर चलेको छ भने सत्ता रुढ दलको गठवन्धनमा निरासा छाएका छन् ।

त्यसमा पनि मोरङ क्षेत्रको ६ वटै क्षेत्रमा एमालेको जनलहर अध्याधिक भएको मोरंग क्षेत्र नम्बर २ मा एमालेका प्रतिनिधिसभा सदस्यका उमेदवार ऋषिकेश पोखरेल २ (क) का डिबी कार्की र २ (ख) का प्रदेशसभा सदस्यका उमेदवार लिलाबल्लभ अधिकारी वताए ।

एमालेका उम्मेदवार चुनाव आउँदा मात्र नभई जहिल्यै जनताको माभमा सम्पर्कमा छन् । उनीहरु स्थानीय समस्या समाधानसँगै जनताको पीरमर्का र कठिनाइमा सकेसम्मको साथ दिँदै आएका छन् ।

एमालेका उम्मेदवारहरु चुनाव आउँदा मात्र नभई जहिल्यै जनताको माभमा रही स्थानीय समस्या समाधानसँगै जनताको पीरमर्का र कठिनाइमा सकेसम्मको साथ दिँदै आएका छन् ।

मोरंग क्षेत्र नम्बर २ मा नेकपा (एमाले) का उम्मेदवारहरु निरन्तर जनताको घरदैलोमा पुगिरहेका छन् । एमाले उमेदवार जहिल्यै पनि जनतासँग घुलमिल हुँदै आएका छन् भने कांग्रेस नेतृत्वको चारदलीय सत्ता गठबन्धनका उमेदवारहरु उमेदवारी दर्तापछि मात्र गाउँमा भुल्किन थालेको स्थानीहरु वताउँछन् ।

एमालेका प्रतिनिधिसभा सदस्यका उम्मेदवार पोखरेल, प्रदेशसभा सदस्यका उम्मेदवार कार्की र अधिकारी जनतासँग स्थानीय समस्या बुझ्दै सुझाव संकलन गर्न व्यस्त छन् । तर, चार दलीय सत्ता गठबन्धनका उमेदवारहरु भने जनतालाई कसरी आफूतिर मत तान्न सकिन्छ भन्ने ध्यानमा मात्र केन्द्रित देखिएको स्थानीय श्याम ताँती को भनाई छ । एमाले जस्तो 'स्पष्ट एजेण्डा, भिजन, योजना र प्र 'कांग्रेस-माओवादीका उमेदवारहरुसंग नभएको वहांका भनाई थियो ।

आफ्ना जनप्रतिनिधि स्थानीय समस्याबारे जनकार नहुँदाको कठिनाइबारे महसुस भएकाले यसपटक निरन्तर जनताको बिचमा र जनताको सम्पर्कमा रहने भएकाले सो क्षेत्रबाट प्रतिनिधिसभा र प्रदेशसभाका एमालेका सवै उम्मेदवारलाई जिताउने मनस्थिति आफूहरु रहेको हालसम्म कुनै पार्टीमा नखुलेका मतदाताले बताएका छन् । सोही कारण अहिले मोरङ २ मा एमालेको पक्षमा जनलहर देखिएको छ ।

मोरङ क्षेत्र नम्बर २ मा रतुवामाई, सुनवर्षी नगरपालिका, रंगेली नगरपालिकाको वडा नम्बर १, २, ३, ८, ९, पथरीशनिचरे नगरपालिकाको वडा नम्बर ५, ६, कानेपोखरी गाउँपालिकाको वडा १, २ र ३ उक्त क्षेत्रमा समेटिएको छ ।

उक्त क्षेत्रमा पर्ने २९ वटै वडामा प्रतिनिधिसभा सदस्य उमेदवार ऋषिकेश पोखरेलले घरदैलो अभियान तिव्र पारेका कारण मतदाता निकै उत्साहित देखिएका छन् । जनताको घरदैलोमा पुगेर मत माग्दा स्थानीय जनताले उमेदवार पोखरेल आफ्नै घर आगनको व्यक्ति भएकाले र स्थानीय समस्या बुझ्ने हुँदा मत दिएर जिताउने बताएका छन् ।

उमेदवार पोखरेल जहिल्यै पनि आफूहरु माझ आइरहने भन्दै सो क्षेत्रका ज्येष्ठ नागरिकहरुले समेत पोखरेललाई आशीर्वाद दिइरहेका छन् । लगातार ३० वर्ष जितेर गएको कांग्रेसकै कारण सो क्षेत्र विकासमा पछि परेकाले आफूहरुको सही उमेदवार पोखरेलनै भएको स्थानीय पहिलोपटक मतदान गर्न लागेका मतदाताहरुसमेत बताउँछन् ।

यतिबेला मोरङको निर्वाचन क्षेत्र २ मा प्रतिनिनिधिसभा सदस्य एमाले उम्मेदवार पोखरेल,

वाँकी अन्तिम पेजमा...

## समाज रुपमान्तरण्मा लागेका योगेन्द्र अब राजनीतिमा किन ?

विराटनगर । अगामी मंसिर ४ गते हुने निर्वाचानमा मोरंग क्षेत्र नं. ५ वाट प्रतिनिधीसभा सदस्य तर्फ स्वतन्त्र उम्मेदवारी दर्ता गराएका मोरङ जिल्लाको साविक अमाही बरियाती गाविस वडा नं. ३ मा हाल धनपालथान गाउँपालिका वडा नं. २ मा जन्म भई समाज रुपान्तरणको अभियानमा विगत २५ वर्षदेखि लागेको योगेन्द्र मण्डल अहिले चुनावी प्रतिस्पर्धामा लागेका छन् ।

समाजिक रुपमान्तरण अभियानमा देश तथा विदेशमा मान, सम्मान र चर्चा पाएका मण्डल आखिर राजनीतिमा किन भन्न प्रश्न मोरंगको क्षेत्र नं. ५ भरीका आम मतदाताले सोध्ने गरेका छन् । त्यसको जवाफमा मण्डल भन्नुहुन्छ 'मोरंग क्षेत्र नं. ५ मा धेरै सम्भावनाहरु रहेता पनि यहाँवाट निर्वाचित भएर गएका जनप्रतिनीधिहरु यस क्षेत्रलाई पछाडी परेको अनुभूतिका साथ क्षेत्र नं. ५ मा विकास र समृद्धि ल्याउन राजनीतिक क्षेत्रवाट मात्र सम्भव भएकोले स्वतन्त्र उम्मेदवारी दिएर चुनावी प्रतिस्पर्धामा लागेको वताए ।

राजनीतिमा किन ? समाजमा रहेको गरिबी, अभाव, बेरोजगारीको अन्त्य गर्न, सुरक्षित, सुदृढ, विकसित, आधुनिक, समृद्ध र सुविधा सम्पन्न समाज बनाउन, सरकारी सेवालाई सुशासनयुक्त र न्यायपूर्ण बनाउन, लगायतका मेरा सपना र एजेन्डा पुरा गर्न नीति नियम बनाउने ठाउँमा पुगेर सेवा गर्न राजनीतिमा लागेको वहांको जवाफ छ ।

स्वतन्त्र उम्मेदवार योगेन्द्र

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# मतदाताको घरदैलोमा भोट माग्दै आर्शिवाद लिदैं



जनता समाजवादी पाटीको उम्मेदवार राजकुमार यादव र एमालेका संतोष कुमार यादव ।

विराटनगर । मोरंग निर्वाचन क्षेत्र नं. ५ बाट गठवन्धन गरी उम्मेदवारी दिएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) र जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवारहरु संगसंगै मतदाताको घरदैलोमा पुगी भोट माग्दै ठूलावडाहरु संग आर्शिवाद लिदै चुनावी अभियानलाई तिव्रता दिएका छन् ।

घरदैलो अभियानको अन्तिम दिन मोरंग क्षेत्र नं. ५ प्रतिनिधी सभा सदस्यको लागि उम्मेदवारी दिएका जनता समाज वादी पार्टी नेपालको राजकुमार यादव र नेपाल कम्यूनिष्ट पार्टी (एमाले) का तर्फवाट क्षेत्र नं. ५(१) वाट उम्मेदवारी दिएका संतोष कुमार साह संयुक्त रुपमा रंगेली नगरपालिका वडा नं. ४, ५, ६ र ७ घरदैलोमा पुगेर मतदाताहरुसंग आफूहरुलाई मतदात गरी बहुमतले विजय गराउन आग्रह गरेका छन् ।

मोरंग क्षेत्र नं. ५ बाट जितेर गएका जनप्रतिनिधीहरुले यस क्षेत्रको विकास र उन्नती गर्न नचाहेर पछाडि पारिएको क्षेत्र हो । यस क्षेत्रमा कृषी उत्पादन, पर्यटन, शिक्षा, रोजगार लगात अनेकौ सम्भावनाहरु रहका छन् । त्यसलाई सदुपयोग गर्न सके क्षेत्र नं. ५ स्वर्ग वन्न सक्छ तर पनि कुनै नेताले त्यस्तो गरेन तर तपाईहरु हाम्रो गठवन्धनको उम्मेदवार हरुलाई मतदान गरी अत्याधिक मतले विजय गराउन आग्रह गर्दै आफूहरु विजय भएमा यस क्षेत्रमा विकास र समृद्धिको लहर ल्याउने दुवै उम्मेदवारले प्रतिवद्धता जनाएका छन् ।

## एमाले पक्षमा...

प्रदेशसभा सदस्यका उम्मेदवार २ (क) डिबी कार्की र २ (ख) का लिलाबल्लभ अधिकारीको पक्षमा जनलहर देखिएको स्थानीयल मतदाताको बुझाइ छ ।

गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा एमालेविरुद्ध सत्ताधारी पाँच दल एक भएर लडेपनि सो क्षेत्रअन्तर्गत रतुवामाई नगरपालिकाको प्रमुखबाहेक, अन्य सवै पालिका का प्रमुख, उपप्रमुख, कार्यपालिका र अधिकांश वडा एमालेले जितेको थियो ।

प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनकी साझा उमेदवार नेपाली कांग्रेसकी सुजाता कोइराला एमालेका पोखरेलसँग प्रतिष्पर्धा गर्दैछिन् । नेपाली कांग्रेसका तत्कालिन सभापति स्वर्गीय गिरिजाप्रसाद कोइराला सोही क्षेत्रबाट चुनाव जितेर

## समाजा...

मण्डल समाजिक संस्थावाट देश र विदेशमा चर्चा पाएका छन् । नेपाल भरी सयौ यूवाहरुलाई रोजगार दिएका छन् । समाज रुपमान्तरण गर्न विद्यालय, अस्पताल संचालनमा ल्याएका छन् । तर पनि एउटा निर्वाचन क्षेत्रमा विकास र समृद्धि ल्याउन राजनीति नै भएकोले स्वतन्त्र उम्मेदवारी दिएर पाँच वर्ष स्वतन्त्र रुपमा रही जनताको सेवा गर्ने प्रतिवद्धता गरेकोले आममतदाता उत्साहित भएको स्थानीयहरु वताउँछन् ।

क्षेत्र नं. ५ मा प्रतिनिधीसभा तर्फ एमालेको समर्थनमा जनता समाजवादी पार्टीवाट राजकुमार यादव र सत्ता रुढ गठवन्धनवाट माओवादी केन्द्रवाट शिव कुमार मण्डल (केवट) उम्मेदवार रहेका छन् । यी दुवै उम्मेदवारको प्रतिस्पर्धा स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डलसंगै भएकोले आममतदाता पार्टीहरुका उम्मेदवारसंग दिक्क भएर नयाँ अनुहारको खोजिमा रहेको मतदाताहरु मण्डललाई मतदान गरी क्षेत्र नं. ५ मा नयाँ इतिहास रचने स्थानीयको दावी छ ।

मण्डलले मतदाताहरुका घर दैलोमा पुगरे मत माग्ने र स्थानीय मतदाताहरुको समस्याहरु समेत संकलन गर्ने गरेकोले अझ मतादातहरु उत्साहित भएका छन् ।

धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं

एक अर्काकोध धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एकआपसमा भेदभाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

सवारी साधनमा अनावश्यक भीडभाड नगरौं ।

मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

*दुर्घटनावाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार, विज्ञापन बोर्ड

# मोरंग क्षेत्र नं. ६(क) प्रदेशसभा सदस्य उम्मेदवार न्यौपानेको प्रचारप्रसारमा तिव्रता

विराटनगर । मोरङ क्षेत्र नम्बर ६ (क) की नेकपा एमालेकी प्रदेशसभा सदस्यकी उमेदवार रीता न्यौपानेले चुनावी प्रचार अभियानलाई तिव्रता दिएकी छन् । मतदाताको घरघरमा पुगेर आफ्नो एजेण्डा सुनाउँदै न्यौपानेले भोट मागिरहेकी छन् ।



वडागत रुपमा समूह बनाएर प्रचार अभियानलाई तीव्रता दिएको उनको सचिवालयले जनाएको छ । १७ गतेदेखि कोणसभा आमसभा गर्न पाउने भएपछि उनले घरदैलोपश्चात ठाउँठाउँमा कोणसभा गरेर आफ्ना एजेण्डाहरु मतदाता माझ राख्ने गरेको न्यौपानेले बताइन् ।

अरुलाई दोष दिनुभन्दा नि आफूले काम गरेर नै देखाउने रीता बताउँछिन् । 'को कस्तो भनेर मलाई जानु छैन, कस्ले के गर्यो त्यो पनि मलाई आवश्यक छैन', उनले भनिन्, 'म कसैलाई गाली, आरोप प्रत्यारोप गर्दिन, लान्छना पनि लगाउदिन, आफ्नो एजेण्डा राख्छु जनताका समस्या सुन्छु र सोही अनुसार काम गरेर देखाउँछु ।'

आफ्नो प्रतिस्पर्धी जीवन आचार्यले महिलालाई होच्याएर राखेको विषयमा मतदाताले बोल्न आग्रह गरिरहे पनि आफूले नबोलेको उनले बताइन् । 'जसको जति दिमाग हुन्छ त्यही गर्ने हो, उसले महिलालाई नराम्रो भन्यो, होच्यायो भन्दैमा मैले पुरुषलाई होच्याउनुपर्छ भन्ने हैन्, म त सबैलाई समानरुपमा अगाडि बढाउनुपर्छ भन्ने सोचको उम्मेद्वार हुँ' उनले भनिन् । 'को राम्रो उमेदवार भन्ने कुरा अब जनताले छुट्याउने हो', उनले भनिन्, 'जनताको समस्या बुझेको, सँधै जनतामाझ नै रहेको र सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने सोच भएकाले नै जनताले आफूलाई जिताउनेमा आशावादी रहेको उनले बताइन् ।

आगामी मंसिर ४ को निर्वाचनका लागि घरघर तथा टोल टोल पुगेर न्यौपानेले आफ्नो एजेण्डा राख्दा मतदाताप्रति उत्साह बढेको छ । आफ्नो प्रतिस्पर्धी तथा अन्य कसैलाई गाली नगरी आफ्नो एजेण्डामा कुरा गर्ने बानीले पनि न्यौपानेप्रति मतदाताको आकर्षण बढेको छ ।

क्षेत्र नम्बर ६ का प्रतिनिधि सभा सदस्य लालबाबु पण्डित पनि चुनावी अभियानमा सक्रिय रहेका छन् । आफूले ५ वर्षको अवधिमा गरेको कामहरु जनतामाझ राख्दै अपुरो काम पूरा गर्नको लागि फेरि निर्वाचनमा होमिएको बताउँदै घरदैलो अभियानलाई तीव्रता दिएका छन् ।

सत्ता गठबन्धनकोबाट प्रतिनिधिसभा सदस्यमा नेपाली काग्रेसका नेता शेखर कोइराला उमेदवार छन् भने प्रदेशसभा ( क) मा नेकपा माओवादीका जीवन आचार्य उमेदवार बनेका छन् । उनी माओवादी अध्यक्ष प्रचण्डका ज्वाँई हुन् । केही दिन अगाडि महिलालाई होच्चाएर दिएको अभिव्यक्तिले आचार्य विवादमा तानिएका थिए ।

प्रदेशसभा (ख) मा एमालेका पर्शुराम बस्नेत र सत्ता गठबन्धका तर्फबाट केदार कार्की उमेदवार छन् । कार्की हालका आन्तरिक मामिला तथा कानुनमन्त्री पनि हुन् ।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# असल नेतृव छनौट गरौं

अगामी मंसिर ४ गते हुने प्रतिनिधीसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन हुन अव केही दिनमात्र वाँकी रहेको छ। असल निष्ठावन, जनताको सेवक, जनताको सुख दुःखमा सहयोग गर्ने उम्मेदवारलाई विजय गराउने पालो आममतदाताको हातमा आएको छ। एक पटक निर्वाचित भएका नेता काम गरेन भनेर अनेकौ गुनासाहरु हामी गर्दछौ। नेताहरु निर्वाचनमा विजय प्राप्त गरी व्यक्तिवादी, नातावादी, जातिवादी हुने भएकोले नेतालाई र नेताले जुन पार्टीवाट प्रतिनिधीत्व गर्छ सो पार्टीलाई हामी अनेकौ आलाछना लगाउँछौ। त्यसैले पछि आलाछना लगाउनु भन्दा पनि अहिले निर्वाचनको वेला उम्मेदवारी दिएका मध्येवाट हाम्रा भन्दा पनि राम्रालाई छनौट गरेमा पछि पछुताउनु पर्दैन। यदि फेरी पनि सानो तिनो लोभमा फसेर, दारुमासुको भरमा मतदान गरेमा पुन : पछुताउनु वाहेक अरु केही गर्न सकिदैन। अहिले प्रलोभन दिने उम्मेदवारले पछि कुनै विकास निर्माका काम गरेन भने मतदाताले गाली समेत गर्न पाउँदैन। त्यसैले असल, इमान्दार, राजनीतिलाई सेवा ठान्ने, जनताको सेवक उम्मेदवारलाई मतदान गरी जिताउन पर्छ।

समाजमा रहेको गरिबी, अभाव, बेरोजगारीको अन्त्य गर्न, सुरक्षित, सुदृढ, विकसित, आधुनिक, समृद्ध र सुविधा सम्पन्न समाज बनाउन, सरकारी सेवालाई सुशासनयुक्त र न्यायपूर्ण बनाउन, जनता सेवक हुने उम्मेदवारलाई हामी आममतदाताले प्राथमिकताका साथ छनौटगरी मतदान गर्नुपर्छ। हावादारी भाषण दिने, आफ्नो घोषणा पत्रमा अनावश्यक सपना देखाउने, पैसाले लोभ्याउने, अनेकौ प्रलोभनमा पर्ने, नातावाद र जातिवादको हावला दिने उम्मेदवारहरुलाई किनारा लगाएर नयाँ अनुहार नयाँ नेतृत्वलाई चयल गरी देशमा विकास र समृद्धि ल्याउन अहिले आममतदाताको हातमा भोट छ एक भोटको महत्व छ। त्यसैले भोटको महत्वलाई सदुपयोग गर्नु अहिले मौका छ।

आफ्नो अमुल्य मतको सदुपयोग गर्ने समय यही हो यसलाई नगुमाऔ। फरी पनि निर्वाचनवाट भ्रष्टाचारी, अपराधी, जातिय भेदभाव विरोधी, पैसाका घमण्ड गर्ने, कानुनी राज्यको खिल्ली उठाउने, धर्म विराधी, समाजमा फुट गरी सत्ता संचालन गर्ने, लोभी, पापी, शिक्षा विरोधी, विकास विरोधी जस्ता सजाय दिनुपर्नेहरुलाई सत्ता नसुम्पौ। अन्यथा फेरी पनि देश संकटमा फस्नेछ। त्यसैले अहिले पालो हाम्रो हातमा छ हामी देशलाई जस्तो नेतृत्व दिन्छौ। त्यही अनुसार देश चल्छ। वेलामा नै सोचेर मतदान गरौ असल नेतृत्व चयन गरौ अहिलेको यही आवश्यकता छ।

# सजाय दिनुपर्नेलाई सत्ता नसुम्पौं

**सुभाष अर्याल**

हाम्रो समाजमा एउटा प्रचलित उखान छ- 'मानिस चिन्नु एक फेर, सुन जोख्नु दश फेर।' देशमा चुनावी सरगर्मी बढेको छ। उम्मेदवार र राजनीतिक दललाई मत दिने समय नजिकिँदैछ। योग्य, इमानदार र चरित्रवान उम्मेदवार लाई मतदानका साथै राम्रो नीति राम्रो कार्यक्रम ल्याउने, मौका पाउँदा काम गर्ने राजनीतिक दललाई विश्वासको मत दिनुछ।

भनिन्छ, हामी आफैंले राजनीति नगरे पनि राजनीति भन्दा बाहिर हामी कोही पनि बस्न सकिंदैन। चासो रहे पनि, वितृष्णा रहे पनि, राजनीतिको घेराभित्र सबै छौं। मात्रै प्रत्याभूति कसमा के कति भन्ने मात्र फरक हो। अहिले चुनावी अभियानको क्रममा कोही दोहोरिएर र कोही नयाँ, कोही इतिहास दर्शाउँदै त कोही भविष्य देखाउँदै, कोही योजना लिएर त कोही आफ्नै फेहरिस्त लिएर जो जसरी जहाँ पुगे पनि सबै कुनामा बोलीको विकास गुञ्जायमान छ।

चुनावको बेला जनमतको कसीमा आफूलाई योग्य प्रमाणित गराउन राजनीतिक दल जति चनाखो हुन्छन् हामी मतदाता उति नै सतर्क हुन आवश्यक छ। सरकार, राजनीतिक दल तथा जनप्रतिनिधिका कामबारे छलफल तथा बहस गर्न जरुरी हुन्छ। बहस कुनै अमूक नेताहरूबीच होइन, समुदायमा हुनुपर्छ। अध्ययन, विश्लेषण र तुलना गरी दल तथा उम्मेदवार छनोट गर्न चेतनशील समुदाय चाहिन्छ। तब मात्र स्वच्छ र निष्पक्ष निर्वाचन हुन सक्छ। निर्वाचनलाई फलदायी बनाउन आयोगले परिष्कृत मतदाता शिक्षा अविलम्ब सुचारु गरी जनजनमा पुर्‍याउनु पर्छ।

निर्वाचनलाई लोकतन्त्रको मुटु मानिन्छ। लोकतन्त्र भनेकै प्रतिनिधित्वको व्यवस्था हो। सबै वर्ग तथा समुदायले राज्य हाम्रो पनि हो भन्ने भावनाको विकास हुनुपर्छ। समावेशी लोकतन्त्रलाई सफल बनाउने पहिलो आधार नै निष्पक्ष र स्वतन्त्र निर्वाचन हो। निर्वाचनले जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण गर्ने अवसर दिन्छ। हाम्रो एक मतले हाम्रो भाग्य र भविष्य निर्धारण गर्छ। जिताएका प्रतिनिधिले राम्रो काम गरेका छन् भने फेरि जिताउनुपर्छ नभए अर्को छान्न सक्नुपर्छ। जितेर सरकारमा गएपछि राजनीतिक दलले आफ्नो घोषणापत्रलाई मार्गदर्शन बनाए/नबनाएको ख्याल गरी विश्वासको मत दिनुपर्छ।

आगामी मङ्सिर ४ को निर्वाचनमा करिब एक करोड ८० लाख मतदाताले प्रतिनिधिसभा र प्रदेश सभा सदस्यका लागि एकैपटक दुई प्रणालीमार्फत ८२५ (२७५+५५०) जनालाई छनोट गर्दैछौं। विश्वका राम्रो संविधान भित्र पर्ने नेपालको संविधान २०७२ कार्यान्वयनमा आएपछि देशमा यसखाले निर्वाचन दोस्रोपटक हुँदैछ। मुलुक संघीयतामा गइसकेपछि पहिलो कार्यभार सम्हाल्ने मौका पाएका सांसद र सरकारको नेतृत्व गर्ने जिम्मा पाएका राजनीतिक दलका गतिविधि के-कति जनताप्रति उत्तरदायी बने त्यो हामी सबैलाई अनुभूत छ।

काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने कुरामा सांसदको भूमिका र ऐनले नै निर्दिष्ट गरेका कुरामा राजनीतिक दलको सक्रियता मापन मतदान अघि बिर्सनुहुँदैन। यति कुरा गर्न न त्यो क्षेत्रको सांसद मन्त्री बन्नुपर्थ्यो न त्यो राजनीतिक दल सरकारमा सहभागी नै हुनुपर्थ्यो। मतदाताले एकैपल्ट मान्छे चिन्न सक्नुपर्छ, अधिकारसँगै दायित्व पनि बोध गर्नुपर्छ।

अघिल्लो निर्वाचनमा वाम गठबन्धनलाई राष्ट्रिय ऐतिहासिक आवश्यकता ठहर गरेका राजनीतिक दलका उम्मेदवारलाई भारी मत दिलाइयो। तिनैको वाचा अनुसार सरकार शक्तिशाली बनेकै हो। आज देशको आर्थिक अवस्था के-कति उन्नतिशील रह्यो, संयुक्त वाचा गरेका विकासका योजना कति सम्पन्न भए, सामाजिक न्याय शक्ति-सन्तुलन र नियन्त्रणमा सरकारको उपलब्धि कति यी यावत् कुरा मतदाताले राम्ररी अनुभूत गरिसकेका छन्।

राजनीतिक कोर्स पनि अवश्य सच्चिनेछ। त्यसैले नबिर्सौं, मुलुक बेथितिको फन्दामा नपुग्दै जोगाउनुपर्ने दायित्व मतदान मार्फत हामीमाझ आएको छ। आफू पनि सचेत बनौं, अरुलाई पनि सचेत बनाऔं !

अझ बढी अनुभूत हुन्थ्यो होला, शक्तिको उन्माद थियो या अरु केही कारणले चलिरहेको संसद जनादेश नसकिँदै भंग गराए। त्यो पनि दुई-दुई पटक। त्यतिबेला मुलुक कस्तो सङ्कटमा गुज्रिरहेको थियो सबैलाई अवगत नै छ।

हाम्रो जस्तो गरिब मुलुकको लागि त एउटा हक्की शासकले चाहँदैमा क्षणभरमै संघीय संसदको निर्वाचन गराउनु असम्भवप्रायः थियो। यसकै प्रतिवादमा परिणामस्वरूप तिनै सत्ताधारीको केही हिस्सा लिएर प्रमुख प्रतिपक्षी दलले गठबन्धन गराई सरकारको नेतृत्व गर्‍यो। अहिले यही बाध्यता भनिएको लोकतान्त्रिक गठबन्धन सिट बाँडफाँटसहित चुनावमा होमिँदैछ।

मतदातालाई राम्रोसँग थाहा छ संसदको यो कार्यकालमा कुन राजनीतिक दलको सदन र सडकमा भूमिका के थियो भन्ने ! जनतालाई विरोधाभासको कालोपट्टी लगाइदिएर विरोधकै लागि विरोध गर्ने, अस्थिरताका साधक र विकासका बाधक केही सांसद र राजनीतिक दल पनि राम्ररी चिनिएका छन्।

आज नेपाली समाजमा गरिबी र बेरोजगार समस्या व्याप्त छ। पैसा नहुनु मात्रै गरिबी होइन, शक्तिहीनता तथा सामाजिक वञ्चितीकरणको अवस्था पनि गरिबी हो। दण्डहीनता हावी भएको छ। विधिको शासन र जवाफदेहितामा राजनीतिक दल चुकेका छन्। देशमा निरपेक्ष गरिबी र बहुआयामिक गरिबीको तथ्यांक हेर्दा क्रमशः करिब २० प्रतिशत र ३० प्रतिशत छ, जुन कोरोना महामारीको प्रभाव देखिनु अघिको हो। सरकारको निवारण प्रयास भने यकिन पहिचान गर्नै पनि धौ-धौ देखिन्छ।

आन्तरिक श्रम बजारको क्षमता न्यून भएकाले अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ। आर्थिक वर्ष २०७८/७९ मा मात्रै ६ लाख ३० हजार ९८ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएको तथ्यांक बताउँछ। श्रम स्वीकृति नलिई भारत र अन्य देशमा भिजिट भिसा वा स्टुडेन्ट भिसामा गई श्रम गर्नेको सङ्ख्या पनि ठूलै छ।

गत वर्षमा १० खर्ब रूपैयाँ बढी भित्रिएको विप्रेषण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब २१ प्रतिशत छ। युवाहरूले जवानीका उर्बर दिन विदेशमा खर्चिएर तिनले पठाएको पैसाको हिसाबकिताब गरेर ढुकुटी बलियो देखाउनु हाम्रो राज्यको प्राथमिकता देखिन्छ। गरिबी निवारणको लागि देशमा लगानीको वातावरण सिर्जना गरी दिगो समाधान खोज्नु पुस्तौंदेखिको नियति निरन्तर छ।

सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने प्रतिबद्धता राखेको नेपालले गुणस्तरीय स्वास्थ्य र शिक्षामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न सकेको छैन। नवीन खोजलाई प्रोत्साहन गर्ने, विश्वव्यापी साझेदारी सशक्त बनाउने, कार्यान्वयनका लागि स्रोतसाधन सुदृढ गर्ने, सार्वजनिक सेवा सुधार्ने, लगानीको प्रतिफल स्वदेशमै परिचालन गर्ने, निजीलाई नियमन र व्यवस्थापन गर्ने आदि कुरामा राज्यको जोड हुनुपर्ने हो। संघीयताको यो पहिलो अभ्यासमा तीन तहबीचको सहकारिता र समन्वयकारी सम्बन्ध पनि सुधारिनुपर्ने आवश्यक छ।

आम नागरिकले संविधानप्रदत्त हकको प्रभावकारी उपभोग र अभ्यास गर्ने वातावरण नबनी लोकतन्त्रको सबलीकरण सम्भव छैन।

हामीलाई थाहा छ, संसदीय व्यवस्थाको पछिल्लो अभ्यासमा धेरै काण्ड र प्रकरण सतहमा आए तर थोरै मात्र निष्कर्षमा पुगे। शुद्ध नियतबाट नियन्त्रणभन्दा पनि कसैले कसैलाई सिध्याउन गरिने

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## चक्कु प्रहारगरी हत्या गरेको अभियोगमा पाँच पक्राउ

विराटनगर । जिल्ला झापा दमक नगरपालिका वडा नं.-१० आमबाडी बस्ने बर्ष १४ को दियुस श्रेष्ठलाई पूर्व रिसिईवीको कारण छठ पूजाको दिन छुरा प्रहार गरी घाईते वनाउने पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं.-६ चन्द्रमा चौक बस्ने सरोज बस्नेत, वानडाँडा बस्ने सन्देश खवास, विकास तामाङ, पानी ट्यांकी बस्ने मन्जिल माझी, वडा नं.-७ तरूण चौक बस्ने सपन खत्री रहेका छन् ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं.-७ स्थित मौवा खोलामा छैठ मेलामा छुरा प्रहार गरी घाईते बनाई स्थानिय गोदावरी अस्पताल उर्लाबारीमा उपचार पश्चात वि.एण्ड.सि. अस्पताल विर्तामोड झापामा उपचारको क्रममा मृत्यू भएको हो ।

घटनामा संलग्न ५ जना ब्यक्तिहरूलाई अनुसन्धान पश्चात घटनामा प्रयोग भएको चक्कु सहित जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको । घटनामा संलग्न अन्यको खोजी कार्य भई रहेको मोरंग प्रहरीले जानकारी गराएको छ ।

## बलात्कार आरोप लागेका क्रिकेटर संदिप लामेछाने जेल चलान

काठमाडौं । बलात्कारको आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेलाई पुर्पक्षका लागि काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

काठमाण्डौ जिल्ला अदालतको आदेश आउन साथ लामेछाने जेल चलान भएको छ । नाबालिग बलात्कार अभियोगमा लामिछानेको मुद्दामा थुनछेक बहस सकिएसँगै जेल चलान भएको हो ।

काठमाडौं जिल्ला अदालतमा सोमबार दर्ता भएको क्रिकेटर लामिछाने विरुद्धको जबर्जस्ती करणीको मुद्दामा मंगलबारबाट बयान सुरु भएको थियो । बिहीबार पनि बहस नसकिएपछि शुक्रबारका लागि हेर्दहेर्दैमा राखिएको थियो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश घिमिरेको इजलासले आदेश आएसंगदै केन्द्रीय कार्यालय जगन्नाथदेवल पठाइने भएको छ । गत भदौ ५ गते राति एक १७ वर्षीय किशोरीलाई सिनामंगलको एक होटलमा बलात्कार गरेको आरोप सन्दीपमाथि लागेको छ । सन्दीप विरुद्ध भदौ २२ गते प्रहरी वृत्त गौशालामा जाहेरी दर्ता गराएको थियो ।

## शान्तिपूर्ण ढगले निर्वाचन सम्पन्न गराउन सरकार प्रतिवद्ध

विराटनगर । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्कीले शान्तिपूर्ण ढङ्गले निर्वाचन सम्पन्न गराउन सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ ।

बिहीबार प्रदेश कमान्ड पोष्टले इटहरीमा आयोजना गरेको निर्वाचन विशेष सुरक्षा योजना सम्बन्धित बैठकमा मन्त्री कार्कीले सो कुरा वताउनु भएको हो । आवधिक निर्वाचन कसैको जितहार भन्दा पनि लोकतन्त्रको जीतका रूपमा हुने बताउँदै मन्त्री कार्कीले लोकतन्त्रलाई विजयी बनाउनका लागि सुरक्षा निकायका प्रतिनिधिलाई निर्देशन दिनु भयो ।

'यो कसैको जितहारको कुरा हुँदैन । आवधिक निर्वाचनले लोकतन्त्रलाई विजयी गराउँदछ । उहाँले भन्नुभयो, जनताले शान्तिपूर्ण ढङ्गले मतदान गर्न पाउने वातावरण बनाउनु पर्छ ।' मन्त्रीकार्कीले प्रदेशका संवेदनशील क्षेत्रहरूमा विशेष निगरानी बढाउन निर्देशन दिँदै भय रहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभएको छ ।

बैठकमा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिले प्रदेशको सुरक्षा स्थिति तथा योजनाका बारेमा ब्रिफिङ गराएका थिए ।


### कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# मोरंग क्षेत्र नं. ४(ख) बाट प्रदेशसभा सदस्यका उम्मेदवार जीवन घिमिरे को हुन् ?

विराटनगर । नेकपा एमाले नेता जीवन घिमिरे २०३५ सालमा एमालेमा आवद्ध हुनुभयो । पार्टीमा लागेको लामो समयपछि उहाँ राजकीय जिम्मेवारीमा पुग्नु भएको थियो । लामो राजनीतिक जीवनमा घिमिरेलाई राजकीय जिम्मेवारी भने मिलेन । २०५६ को आम निर्वाचनमा मोरङ ७ बाट उहाँले उम्मेदवारी नदिएका होइनन् । त्यतिबेला उहाँले नेपाली कांग्रेसकी नेतृ शैलजा आचार्यसँग प्रतिस्पर्धा गर्नुभएको थियो । परिणाम उहाँको पक्षमा आएन ।

पार्टीमा आवद्ध भएको ९ वर्षपछि २०४४ सालमा तत्कालीन नेकपा मालेको विराटनगर नगर कमिटी गठन भयो । पार्टी स्थायी कमिटी सदस्य, पूर्वाञ्चल प्रमुख एवं कोशी अञ्चल इन्चार्ज मदन भण्डारी नै सचिव बस्नुभयो । उपसचिवको जिम्मेवारी घिमिरेलाई दिए । मदन भण्डारीले झापाबाट सुनसरी हुँदै मोरङ तानेका घिमिरेलाई सुरुमै सचिव बनाउन चाहन्थे । तर नयाँ ठाउँमा उहाँको कुनै जान-पहिचान थिएन। पार्टी पंक्तिले उनलाई सहजै स्वीकार नगर्न पनि सक्थ्यो ।

६ महिनापछि पार्टीको चौथो महाधिवेशनले मदन भण्डारीलाई महासचिव तोक्यो र उहाँको काठमाडौं सरुवा भयो । अन्ततः नगर कमिटीको पार्टी सचिवको जिम्मेवारी घिमिरेको काँधमा आयो । झापाबाट २०३९ मा सुनसरी झरेदेखि नै मदन भण्डारीसँग उहाँको नियमित सम्पर्क भयो ।



जीवन घिमिरे

त्यतिबेला मदन कोसी अञ्चल विद्यार्थी फाँट फ्याक्सन इन्चार्ज समेत थिए भने घिमिरे सदस्य । २०४४ सम्म उहाँ मदनको सान्निध्यमा बस्नुभयो ।

२०३५ सालदेखि एमालेमा आबद्ध भएर राजनीतिमा सक्रिय घिमिरे अघिल्लो २०७४ को प्रदेशसभा निर्वाचनमा मोरङ ४ (ख) बाट निर्वाचित हुनुभयो । प्रदेशसभामा निर्वाचित घिमिरे २०७४ फागुनमा शेरधन राई नेतृत्वको पहिलो प्रदेश सरकारको सामाजिक विकास मन्त्री समेत रहेका घिमिरेले प्रदेश सरकारमा रहँदा ३ वर्ष समग्र प्रदेशको विकासमा आफ्नो ध्यान केन्द्रीत गर्नुभयो । विकास प्रेमी नेता घिमिरे आगामी मंसिर ४ गते हुने निर्वाचनमा मोरङ ४ (ख) मा नेकपा एमालेबाट उम्मेदवार हुनु भएको छ ।

प्रदेशको स्वास्थ्य, शिक्षा, खेलकुद, सूचना प्रविधि, भाषा संस्कृति, महिला, बालबालिका, जेष्ठ नागरिकको क्षेत्रमा उनको योगदान अतुलनिय रहेको छ । स्वास्थ्य क्षेत्रको संस्थागत विकास, प्राकृतिक चिकित्सा, कोभिड १९, प्रविधिमैत्री शिक्षा, प्रदेशको भाषा संरक्षण, खोज, महिलाको शशक्तिकरण, बालमैत्री प्रदेशको परिकल्पना घिमिरेकै कार्यकालमा प्रदेशका अघि बढेको हो । कोभिड १९ को खोज, उपचारमा सातवटै प्रदेश मध्ये प्रदेश १ मा उत्कृष्ट व्यवस्थापन घिमिरेले नै गर्नुभएको थियो । समग्र प्रदेशसँगै निर्वाचन क्षेत्रमा पनि उहाँको योगदान उत्तिकै छ ।

निर्वाचन क्षेत्रको सडक, भौतिक पूर्वाधारको निर्माण, स्वास्थ्य, शिक्षा, खेलकुदमा महत्पूर्ण योगदान उनले गरेका छन् । प्रविधिमैत्री विद्यालय, एक पालिका एक खेल मैदान, जेष्ठ नागरिक दन्त उपचार लगायतका दर्जनौं नविनतम् कार्य घिमिरेकै कार्यकालमा प्रदेश सरकारले अघि बढाएको थियो । एक सफल व्यक्ति नेतृत्वमा पुग्दा कसरी समग्र विकास गर्न सक्छ भन्ने उदाहरण उहाँले दिनुभएको थियो । प्रदेश योजना आयोगले गरेको प्रदेशका मन्त्रालयहरुको मूल्यांकनमा सामाजिक विकास मन्त्रालयलाई घिमिरेले आफ्नो कार्यकालभरि सर्वोत्कृष्ट बनाउनु भएको थियो ।

२०३६ सालमा झापा शिवगञ्जको जन आदर्श माविको स्ववियु सभापतिबाट शुरु भएको राजनीतिक यात्रा अहिले केन्द्रीय सदस्य तथा प्रदेश १ को सहइन्चार्जको भूमिकामा हुनुहुन्छ । राजकाज मुद्धामा ५ वर्ष भूमीगत जीवन विताएका घिमिरेको मुद्धा २०४६ मा फिर्ता भएको थियो ।

एमाले नेता घिमिरे सामाजिक संघ संस्थामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । विराटराजा दरवार खोज तथा संरक्षण समिति संस्थापक अध्यक्ष, नेपाल योग तथा प्राकृतिक संघको उपाध्यक्ष, लायन्स क्लव ३२१ ए वान ब्राण्ड एम्वेसडर, मनमोहन प्राविधिक विश्व विद्यालय सभा सदस्य, रेडक्रस सोसाईटी लगायतका दर्जनौं संस्थामा उहाँको सक्रिय सहभागिता रहने गरेको छ ।

नेता हो । पाँच वर्षमा निर्वाचन क्षेत्रसँगै प्रदेशको समग्र विकासमा नागरिकको मन जित्न सफल भएको व्यक्ति भनेकै घिमिरे हो । अवसर पाउँदा कसले गऱ्यो र कसले गरेन जनताले मूल्यांकन गर्न सक्छन ।'

# एमालेका उम्मेदवार घिमिरेको चनावी अभियानमा तिब्रता

विराटनगर । आगामी मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि मोरङ क्षेत्र-४ (ख) मा एमालेका उम्मेदवार जीवन घिमिरेले चुनावी अभियानलाई तीव्रता दिनु भएकको छ ।

जनताका घरदैलो र मतदाता भेटघाटका कार्यक्रमलाई तीव्रता दिएको घिमिरेको सचिवालयले जनाएको छ। नेता घिमिरेले यतिबेला मतदाता समक्ष भेटघाट गर्दै सुझाव संकलन पनि गरिरहनु भएको छ । कटहरी-३ की सुनिता कामतले घिमिरेलाई विकासका मुद्दा अघि सार्न सुझाव दिनुभयो । अन्य जनप्रतिनिधिको तुलनामा घिमिरेसँग मन्त्री, सांसद हुँदा पनि सहज पहुँच पुगेको भन्दै उहाँले खुशी व्यक्त गर्नुभयो । आगामी निर्वाचनपछि पूर्वाधार लगायतको क्षेत्रमा नयाँ योजना ल्याउन उहाँको आग्रह छ ।

कटहरीकै विकास राजवंशीले राजवंशी समुदायको भवन निर्माणमा सरकारमा रहँदा घिमिरेले आवश्यक सहयोग गरेको बताउनुभयो । राजवंशी समुदायको सांस्कृतिक भवन निर्माणसँगै संस्कृतिको संरक्षणका लागि कार्यक्रमहरू गर्नमा घिमिरेको योगदान महत्वपूर्ण रहेको उहाँको भनाई छ ।

एमाले नेता घिमिरेले निर्वाचन क्षेत्रको विकासका लागि महत्वपूर्ण भूमिका खेलेको विराटनगर-३ का बेदप्रकाश खतिवडाले बताउनुभयो । जीवन घिमिरेका लागि सरकारमा रहँदा तीन वर्ष गरेको काम नै मत माग्नका लागि महत्वपूर्ण आधार भएको बताउनु भयो ।

विराटनगर-८ का चन्द कुमार गुप्ताले घिमिरे जनप्रतिनिधि र मन्त्री हुँदा समेत क्षेत्रका जनताको काममा सक्रिय रहेको बताउनुभयो । नेता घिमिरेले कोरोनाको महामारीमा दिनरात खटेर कोभिड अस्पतालको सञ्चालन र व्यवस्थापन गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'राम्रो काम गर्ने व्यक्तिले अवसर कसरी सदुपयोग गर्न सक्छ भन्ने उदाहरण नेता घिमिरेबाट पाउन सकिन्छ । उहाँ साच्चिकै जनताको नेता हो । पाँच वर्षमा निर्वाचन क्षेत्रसँगै प्रदेशको समग्र विकासमा नागरिकको मन जित्न सफल भएको व्यक्ति भनेकै घिमिरे हो। अवसर पाउँदा कसले गऱ्यो र कसले गरेन जनताले मूल्यांकन गर्न सक्छन ।'

मतदातासँग निरन्तर भेटघाट गर्दै आएका घिमिरेले जनताका अपेक्षा अनुसारका काम गर्दै गएको र बाँकी रहेका कामहरू पनि पूरा गर्दै जाने बताउनु भयो ।

मोरङ ४ (ख) अन्तर्गत विराटनगर महानगरपालिकाको वडा-१, २, ३, ८ र १० तथा कटहरी गाउँपालिकाको वडा-१, २ र ३ पर्दछ । घिमिरेले वडा-वडाका टोल-टोलका बासीन्दासँग पुग्ने काम गरिरहनुभएको छ ।




# स्वतन्त्र उम्मेदवार चुनाव चिन्ह 'लौरो' लिएर घरदैलोमा



हिरालाल साह

विराटनगर । मोरङ क्षेत्र नम्बर ५ बाट प्रतिनिधि सभा सदस्य पदका स्वतन्त्र उम्मेदवार फिरोज साह चुनाव चिन्ह 'लौरो' लिएर जनताको घरदैलोमा भोट माग्दै ठूलावडासंग आर्शिवाद लिदै चुनावी गतिविधीलाई तिव्रता दिएको छ ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभाको निर्वाचन आफूलाई विजय गराउन भन्दै नेपालीहरुका महान चाडपर्व दशै, तिहार, छठको वेलालाई सदुपयोग गर्दै चुनावी अभियानलाई तिव्रता दिएको थियो । साह स्वतन्त्र रहने गरी हाम्रो नेपाल पार्टीको सहमतीमा 'लौरो' चुनाव चिन्ह लिएर चुनावी प्रतिस्पर्धामा उत्रेको छ ।

बा-आमालाई टेकाउने भ्रष्टहरुलाई सेकाउने, देश परिवर्तनका लागि युवालाई जिम्मेवारी क्षेत्रमा आमुल परिवर्तनका लागि मेरो उम्मेदवारी चुनावी नाराका साथ १० बुद्धे प्रतिवद्धता पत्र लिएर मतदाताको घरघरमा पुग्ने गरेको छ । १० बुद्धे प्रतिवद्धता पत्रमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, महिला, बालबालिका तथा यूवा, पर्यटन, फोहोर व्यवस्थापन, सम्पदा, कृषि, खेलकुद, खुला ठाउँ र हरियालीलाई मुख्य प्राथमिकतामा राखेका छन् ।

साहले विगत २० वर्ष देखि राजनीतिमा लागेका हुन् । सो अवधीमा समाजमा भई रहेको सामाजिक कार्यहरुमा योगदान गर्दै आएका छन् । अहिले सम्म यस क्षेत्रवाट जितेर गएका नेताहरु व्यक्तिवादी भएर सम्पत्ति कमाउने थलोमात्र बनाएको, राजनीतिलाई सेवा भन्दा पनि व्यवसाय बनाएकोले आफू जनताको सेवा गर्न स्वतन्त्र उम्मेदवारी दिएको साहको दावी छ ।

चुनावी अभियान लिएर मतदाता भेटघाटमा जाँदा आममतदाताले चुनावमा जितिरे गएका जनप्रतिनिधी फेरी फर्केर नआउने, भौतिक पूर्वाधार विकासमा ध्यान नदिने, शिक्षा, स्वास्थ्य क्षेत्रलाई वेवास्ता गर्ने गुनासो गरेको वहाँले वताए ।

ती मतदातालाई साहले आफू निर्वाचित भएपछि आफ्नै निर्वाचन क्षेत्रमा सम्पर्क कार्यलय राख्ने, मतदातासंग नियमित भेटघाट गर्ने र आफूले घोषणा पत्र मार्फत प्रतिवद्धता गरेका कुराहरुलाई सार्थक पार्ने काममा लागि रहने प्रतिवद्धता गर्दै आएको छ ।

पार्टीका उम्मेदवारहरुवाट आम मतदाता आर्जित भएकाले स्वतन्त्र उम्मेदवारी दिएको भन्दै मोरंग क्षेत्र नं. ५ मा प्रतिनिधी सभा तर्फ स्वतन्त्र उम्मेदवार वीच नै प्रतिस्पर्धा हुने त्यसमा पनि समाज सेवामा मेरो छुट्टै पहिचान भएकोले आम मतदाताले आफूलाई मतदान गरी विजय बनाउने साहका दावी छ ।

मोरंग क्षेत्र नं. ५ मा प्रतिनिधी सभा सदस्य तर्फ एमालेको सहकार्यमा जनता समाजवादी पार्टी नेपालवाट राज कुमार यादवको उम्मेदवार रहको छ । त्यसैगरी सत्ता रुढ गठवन्धनवाट नेकपा (माओवादी केन्द्र) वाट शिव कुमार मण्डलको उम्मेदवारी छ । स्वतन्त्रवाट योगेन्द्र मण्डल लगायत १६ जनाको उम्मेदवारी रहेको छ ।


## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पदाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १


# आपतकालिन उपचारमा प्रयोग हुने एघार जडिबुटी

हामी जुनसुकै बेला दुर्घटनामा पर्न सक्छौं तर कतिपय अवस्थामा तत्कालै चिकित्सकहाँ जान असम्भव पनि हुन सक्छ। त्यस्तो अवस्थामा हाम्रोवरिपरि पाइने जडिबुटिबाटै उपचार गर्न सकिन्छ। सामान्य चोटदेखि शरीर पोलेका समस्या घरमा नै उपचार गर्न सकिन्छ। स्वास्थ्यमा आपतकालिन समस्या परेका बेला उपचारमा प्रयोग हुने घरेलु जडीबुटी :

### एलोभेरा (घिउकुमारी)

शरीरको छाला जलेमा वा पोलेमा घिउकुमारीअचुक औषधिको रुपमा प्रयोग गरिन्छ। पोलेको ठाउँमा यसको रस लगाउँदा चिसो र शितलता प्रदान गर्छ। गमला वा सानो प्लाष्टिकको बट्टामा नै घर वरिपरि रोप्न सकिने घिउकुमारीका अनगिन्ति फाइदा छन् ।

बिटर एलो (तितो घिउ कुमारी)

घिउकुमारीकै एक जात (तर ठूला आकारका पात) को यो जडिबुटि कब्जियत, एपेन्डिसाईटिस र पित्तासयको रोगको उपचारमा प्रयोग गरिन्छ। एलोलाई क्याप्सुलको रुपमा पनि किन्न पाइन्छ। यो क्याप्सुल नियमित सेवन गरेमा पाचन प्रणालीलाई सहयोग पुग्छ। शरीरमा भएका विषादि हटाउन दैनिक एक क्याप्सल एलो खान सकिन्छ ।

### अदुवा

दैनिक किचनमा प्रयोग हुने अदुवाले पाचनशक्ति वृद्धि गर्छ। यसले अनावश्यक ग्याँस फाल्न मद्दत गरी पेटलाई हल्का बनाउनुका साथै बान्ता आउने समस्याको समाधान गर्छ। हरेक राती एक कप अदुवा चिया खाँदा पाचन पक्रियालाई सहज बनाउछ। त्यस्तै मनतातो अदुवा पानी खाँदा बान्ता आउने समस्याको समाधान गर्छ ।

### लसुन

क्यान्सर रोगबाट बचाउने लसुनले रोग प्रतिरोध क्षमतालाई पनि बलियो बनाउछ। एन्टिभाइरस र एन्टिव्याक्टेरियलयुक्त लसुनले चिसो, ज्वरो र फ्लुबाट जोगाउँछ। लसुनको नियमति सेवनले आन्तरिक संक्रमणबाट बचाउँछ। त्यस्तै खेलाडीको पैताला र कानमा बाह्य संक्रमण भएमा लसुनको रस लगाउँदा तत्कालै उपचार हुन्छ। प्रतिदिन भोजनमा लसुनको प्रयोग गर्नाले पेटको अल्सर र क्यान्सरबाट जोगिन सकिन्छ। दैनिक लसुन सेवन गर्नाले ब्लडप्रेसरलाई नियन्त्रणमा राख्न सहयोग पुग्छ र यसबाट लामो समयसम्म शरीरको इम्युन सिस्टम पनि बलियो रहन्छ ।

### बेसार

बेसार आफैमा एन्टिसेप्टिक र एन्टि व्याक्टेरियाजन्य तत्व हो। त्यही भएर काटेको ठाउँमा, जलेको स्थान वा अन्य घाउमा यसको प्रयोग गरिन्छ। सामान्य चोटपछिको घाउमा बेसार दल्ने संस्कार प्रचलित छ। चिसो लागेको छ ? सुत्नु अगाडि तातो दुधमा केही चिम्टि बेसार राखेर पिउनुहोस्। एक रातमै तपाईको चिसो भाग्छ। बेसारले प्राकृतिक पेन किलर (दुखाई कम गर्ने औषधि)को काम गर्छ। छालासम्बन्धि निश्चित रोगको उपचारमा पनि बेसारको प्रयोग हुन्छ। बेसारले मुटु रोग र क्यान्सरबाट बचाउँछ। बेसारले डिप्रेसन रोगको औषधीको काम गर्छ। नियमित बेसारको धुलो अनुहारमा लगाउँदा अनुहारमा चमक ल्याउनुका साथै चाउरीनबाट बचाउँछ ।

### प्याज

प्याजमा क्युरसेटिन नामको रसायन हुन्छ जसले ग्याष्ट्रिकबाट पनि बचाउछ। प्याजले विभिन्न संक्रमण र रोगहरुबाट बचाउँछ। प्याजमा विभिन्न पोषणतत्व हुन्छ जसले हामीलाई अन्य रोग लाग्नबाट पनि जोगाउँछ। लन्चको समयमा प्याजलाई सलादको रुपमा पनि प्रयोग गर्न सकिन्छ। पाचनमा समस्या भएकाहरुले दिनमा एउटा काँचो प्याज चबाएमा पाचन समस्याको समाधान हुन्छ। जलेको छालामा प्याज दल्दा छालालाई आराम दिन्छ। नियमित काँचो प्याज खाँदा छालामा चमक आउँछ। नियमति प्याज खाएमा मुटुमा समस्या ल्याउने खराब कोलेस्ट्रोललाई हटाउन सकिन्छ। प्याजलाई पानीमा भिजाएर केही मिनेट राखेर खाँदा शरीरलाई शितल प्रदान गर्छ। त्यस्तै प्याजलाई ज्वरो आउदा पनि प्रयोग गर्न सकिन्छ। हनहनी ज्वरो आउदा प्याजको टुक्रालाई निधारमा राखेमा ज्वरो घट्छ। प्याजलाई हल्का पानीमा डुबाएर निधार, पैताला र हातखुट्टामा दल्दा बिरामीलाई हल्का महशुस हुन्छ। गर्मीमा नाथ्रो फुटेर नाकबाट रगत आएको छ भने प्याजलाई दुई तीन टुक्रा बनाउनुहोस र बेस्सरी नस लिनुहोस वा सुघ्नुहोस नाकबाट रगत आउन छाड्छ ।

### हींग

हींगले पाचनक्रिया मजबुत बनाउछ। श्वासप्रश्वाससम्बन्धी रोगबाट बचाउछ। रोघाखोकी लाग्नबाट बचाउछ। तातो पानीमा राखेर हिंग खाँदा ब्रोन्काइटिसमा राहत मिल्छ। पेट दुख्दा तातो पानीसंग हींग खाँदा दुखाई कम हुन्छ। दाँत दुखेमा हींग खाँदा राहत मिल्छ। दुखाई भएको ठाउमा हींगको लेप लगाउदा दुखाई कम हुन्छ। रोग प्रतिरोधात्मक क्षमता बढाउछ। दाद, लुतो भएको ठाउमा हिंगको लेप लगाउदा औषधिको काम गर्छ। कब्जियत भएमा तातो पानी र हिंग खाँदा फाइदा हुन्छ ।

### जाइफल

जाइफल घोटेर दूधमा मिसाई पिउनाले निद्रा लाग्दछ तर, यो बढी मिसाएमा बढी नशाकारक एवम् हानिकारक हुन सक्दछ। जीउ दुखेमा, हातगोडा गलेमा जाइफललाई पानी वा दूधमा पकाइ पिउने गर्दा त्यो समस्या केही क्षणमै सुधार हुन्छ। त्यसैगरी तोरीको तेलमा जाइफल थिचेर फुराउने र त्यसलाई जीउमा दल्दा जीउ दुखाइमा आराम पाइन्छ। जाइफल र तीतेपातीको पातलाई तोरीको तेलमा पानी दोब्बर राखी उमाल्ने र कम आँचमा पकाई पानी सुकाउने। उक्त तेललाई जोर्नी दुखेको ठाउँमा राखी कपडाले बेर्ने गर्दा दुखाई सञ्चो हुन्छ । एक लिटर दूधमा थोरै जाइफल राखेर पकाउने र पिउने बेलामा १ चम्चा मह र सानो टुक्रा शिलाजित मिसाइ पिउने गर्दा नपुंसकता एवम् शीघ्रपतन सम्बन्धी यौन समस्या ठीक हुन्छ। तर, यसको केही महिनासम्म प्रयोग गर्नुपर्छ ।

मुटु कमजोर भएका व्यक्तिलाई महमा मिसाई नित्य केही मात्रामा सेवन गर्दा फइदा हुन्छ। डरलाग्ने, मुटु बढी ढुकढुक हुने, झस्किने लक्षणहरु उत्पन्न भएमा दूध र शिलाजितका साथमा थोरै जाइफल मिसाई प्रयोग गर्दा फइदा हुन्छ। भोक नलाग्ने भएमा केही दिन जाइफको टुक्रा चुस्नाले भोक बढी लाग्न थाल्दछ ।

### तुलसी

तुलसीले रोगका किटाणु नष्ट गर्न मद्दत गर्छ। यदि घरअगाडि तुलसीको बोट रोपिन्छ भने हावा पनि शुद्ध हुन्छ, आसपासका हानिकारक किटाणु पनि प्रभावहिन हुन्छन्। तुलसीमा एन्टीबायोटिक गुण हुन्छ, जो मलेरिया रोगका लागि लाभकारी हुन्छ। तुलसीको सेवनबाट शरीरमा रोग प्रतिरोधी क्षमता बढ्छ, यसको कुनै साइडइफेक्ट हुँदैंन र यसको सेवनबाट रुघाखोकी, निमोनिया निको हुन्छ। यस्तै यसको सेवन गरेपछि श्वास गन्हाउदैन। कफ तथा बाडुलीमा तुरुन्त आराम मिल्छ। यस्तै, बान्ता रोक्न, कुष्ट तथा विषनाशक तथा मानसिक पीडा हटाउन तुलसी लाभदायी मानिन्छ । तुलसीको पहेंलो पातमा हरियो रंगको एक तैलीय पदार्थ पाइन्छ, यो पदार्थ हावामा मिसियो भने कैयौं किटाणु मर्छन्। पानीमा तुलसीको पत्ता राखेर पिएमा पेटको समस्या समाधान हुन्छ भने अनुहारलाई पनि चम्किलो बनाउँछ । तुलसीको प्रयोगले स्मरणशक्ति बढाउँछ भने यसमा पाइने विशेषप्रकारको एसिडले दुर्गन्ध भगाउँछ। तुलसीको प्रयोगले शरीरको सेतो दाग पनि हट्छ, किनकी यसले हाम्रो रगतलाई पनि सफा बनाउँछ। तुलसीको पातलाई चियाको रुपमा पनि प्रयोग गर्न सकिन्छ। अथवा तुलसीको पातलाई सुकाएर दालचिनी, तेजपत्ता, सुपलगायत मिसाएर धुलो बनाएमा चियाको रुपमा प्रयोग गर्न सकिन्छ। दमको रोगीले तुलसीको पातलाई काँडा बनाएर हरेक दिन तातो पार्दै बिहान बिहान पिएमा लाभदायी हुन्छ ।

खोकी र ज्वरोमा तुलसीको पात उमालेर दिएमा फाइदा हुन्छ। तुलसीले रगतमा कोलस्ट्रोलको मात्रा नियन्त्रित गर्छ, नियमित सेवनले वजन घटाउँछ। तुलसीको रसमा केही नुन मिसाएर बेहोस मानिसको नाकमा अलिकता राखिदिने हो भने होस चाँडै खुल्छ। चिया बनाउँदा तुलसीको केही पात पनि उमाल्ने हो भने रुघा, ज्वरो तथा शरीरको दुखाई कम हुन्छ। तुलसीको रसलाई ५ ग्राम महका साथ खाने हो भने बाडुली रोकिन्छ, दमका रोगीलाई लाभदायी हुन्छ ।

### ल्वाङ

ल्वाङलाई खानामा मसलाका रुपमा प्रयोग गरिन्छ। यसमा प्रोटिन, आइरन, कार्बोहाइड्रेट्स, क्याल्सियम, फस्फोरस, पोटाशियम, सोडियम तथा हाइड्रोक्लोरिक एसिड भरपूर मात्रामा पाइन्छ। यस्तै, यसमा भिटामिन ए तथा सि, म्याग्नीज र फाइबर पनि पाइन्छ। ल्वाङ प्राकृतिक पेनकिलरको रुपमा पनि प्रयोग गरिन्छ। यसमा रहेको युजेनल आयल दाँतको दुखाईका लागि लाभदायी मानिन्छ। जतिसुकै दाँत दुखेपनि ल्वाङको तेल लगाउनाले दुखाई तत्कालै निको हुन्छ । यसमा एन्टी ब्याक्टेरियल विशेषता हुन्छ, जसका कारण यसको प्रयोग टुथपेष्ट, माउथवास तथा क्रिम बनाउन प्रयोग हुन्छ। जोर्नीमा हुने दुखाई, सुन्निने जस्ता समस्याका लागि ल्वाङ फाइदा जनक हुन्छ । कैयौं अरोमा विशेषज्ञहरु जोर्नी दुख्ने समस्याका लागि ल्वाङको तेल सिफारिस गर्छन् । ल्वाङका तेल सुँघ्नाले रुघा, कफ, दम, ब्रोङकाइटिस, साइनसाइटिसजस्ता समस्यामा तुरुन्त आराम मिल्छ । ल्वाङको तेलमा एन्टीसेप्टिक गुण पनि हुन्छ, जसबाट फंगल संक्रमण, काटेको, घाउ भएको र छालासंबन्धी अन्य समस्यामा यसको प्रयोग गरिन्छ । ल्वाङको तेल सिधै नभई कुनै तेलमा मिसाएर लगाउनु पर्छ ।

### सुकुमेल

भोक नलाग्ने, बान्ता हुने, अपच हुने आदि समस्या छन् भने सुकुमेल खानाले कम हुन्छ। तिर्खा लागिरहन्छ अथवा घाँटी पोल्ने गरिरहन्छ भने सुकुमेल मिसाइएको पानी पिउँदा राम्रो हुन्छ। छातीमा कफ जमेको छ र सास लिन गाह्रो भइरहेको छ भने सुकुमेल खानाले कफ बाहिर निस्कन्छ र शरीरलाई राहत मिल्छ। रुघाखोकी लागेको छ अथवा घाँटी खसखस भइरहने समस्या छ भने सुकुमेललाई पिसेर महसँग खानुपर्छ। सुक्खा खोकी लागेको छ भने सुकुमेल, तोरीको तेल र चिनी मिसाएर खानुपर्छ। यसले कफ बाहिर निकाल्न मद्दत गर्छ। ज्वरो आएर जीउ पोलेको छ भने सुकुमेल खानाले सहज महसुस हुन्छ ।

## एमालेको प्रदेश स्तरीय चुनावी प्रतिवद्धता पत्र सार्वजनिक

विराटनगर । नेकपा (एमाले) प्रदेश १ ले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर प्रदेशस्तरीय चुनावी प्रतिवद्धता पत्र शनिवार सार्वजनिक गरेको छ ।

केन्द्रले चुनावी घोषणापत्र सार्वजनिक गरे लगत्तै आउन लागेको प्रदेश प्रदेशस्तरीय प्रतिवद्धतापत्र एक नम्बर प्रदेशको वस्तुगत अवस्था र मौलिकतामा आधारित छ ।

प्रतिबद्धतापत्रमा प्रदेश १ लाई आत्मनिर्भर बनाउने, मुलुकको समृद्धिमा योगदान गर्ने, प्रदेश १ लाई मुलुकमा प्रवेश गर्ने द्वारका रूपमा विकास गर्ने, विराटनगर विमान स्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय बनाउने, एसियन हाइवेमार्फत भारत, बंगलादेश, भुटान, चीन, बर्मासँग जोड्ने, हवाई सेवाबाट हङकङ र थाईल्याण्डसँग जोड्ने, किमाथाङ्का-जोगबनी सडक खुलेपछि सामान र मानव आवागमनको क्षेत्र बन्ने सम्भावनाको अधिक्तम उपयोग गर्ने रहेको छ ।

त्यसैगरी गरिबीलाई सम्बोधन गर्न विपन्न वर्ग परिचयपत्र वितरण गर्ने, एमालेको सरकारले शुरू गरेका प्रदेश गौरवको आयोजना पूरा गर्ने, संघीय राजधानीसँग जोड्ने छोटो जलमार्ग र सडकमात्र खोल्ने, हिमालको उपयोग, छोटो ट्र्याकबाट हिमाल लैजाने, हिमाल चढ्नेहरूका लागि तालिम दिने, माउन्टेनियरिङ इन्स्टिच्युट बनाउने, युवा वर्ग र युवा वैज्ञानिकलाई प्रोत्साहन गर्ने तथा रोजगारी सिर्जना गरिनेजस्ता विशेष महत्वका कार्ययोजनाहरू प्रदेशको प्रतिवद्धतापत्रमा उल्लेख गरिएको छ ।

सो प्रतिवद्धतापत्र शनिवार सार्वजनिक भएपछि प्रदेशका आम मतदाता बीच पुर्‍याइने एमाले प्रदेश १ कमिटीको योजना रहेको छ । एक नम्बर प्रदेश अध्यक्ष तुलसी न्यौपानेको संयोजकत्वको विशेषज्ञ समितिले तयार गरेका छन् ।

सो प्रतिवद्धतापत्र एमालेको प्रदेश कार्यालबाट सार्वजनिक हुने भएको छ । प्रतिवद्धतापत्र सारभूत रुपमा केन्द्रको घोषणापत्रमा आधारित भएको जनाइएको छ ।

## जनभावना विपरीतका कुनै काम नगर्ने प्रतिवद्धता




विराटनगर । मोरङको निर्वाचन क्षेत्र नम्बर ६(२) मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट प्रदेशसभा सदस्यको उम्मेदवार बनेका पर्शुराम बस्नेत (कृष्ण) ले जनचहाना एवम् जनभावना विपरीका कुनै पनि काम नगर्ने प्रतिवद्धता जनाएको छ ।

एक कार्यक्रममा बुद्धिजीवी र पेसाकर्मीले दिएको सुझावलाई आत्मासात गर्दै बस्नेतले सो प्रतिवद्धता जनाउँदै बस्नेतले भने 'म नेता हैन, सेवक हुँ । म सधैं जनताकै साथमा छु,' उनले भने, 'उम्मेदवार बनेर जनताका बीचमा जाँदा धेरै सम्मान र माया पाएको छु । चुनाव जितेर गएपछि पनि जनमतको अपमान हुन दिने छैन ।' वहांको भनाई थियो ।

चुनावी अभियानमा मतदातालाई भेट्ने क्रममा हिजो जितेर गएकाहरु फर्किएर एकपटक पनि नआएको र नमस्ते गर्दासमेत नफर्काउने स्वभाव रहेको भनेर जनगुनासो धेरै सुन्नु परेको बस्नेतले बताए । 'हिजो चुनाव जितेर गएकाहरुप्रति जनआक्रोस बढ्दो छ । त्यसरी जनतालाई गुनासो गर्ने ठाउँ राख्न दिन हुँदैन,' उनले भने, 'जनगुनासोले राजनीतिक दल र व्यवस्थामाथि नै प्रहार हुने हो । म सधैं जनतालाई खुसी राख्ने प्रतिवद्धता जनाउँछु ।'

उम्मेदवार भएर जनताका बीचमा जाँदा मिलेको सम्मानलाई सधैं कायय राख्ने उनले बताए ।

'हामीले दसैं, तिहार, छठ लगायत यसवर्षका ठूला चाडपर्वलाई बिदाई गरिसक्यौं । राजनीति कर्मीको महान चाड मंसिर ४ गते आउँदै छ,' बस्नेतले भने, 'त्यसलाई परिणाममुखी बनाउनु छ । जनतामा एमाले र एमालेका उम्मेदवार प्रतिको प्रभाव एवं आकर्षण बढेर गएको छ ।'

'समृद्ध नेपाल र सुखी नेपाली'को जनआकांक्षा एमाले नेतृत्वको सरकारबाट मात्रै पूरा हुने बस्नेतको भनाइ छ । त्यसका लागि आगामी मंसिर ४ गतेको निर्वाचनपछि केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्नुपर्ने उनले बताए । चुनाव जित्न बौद्धिक वर्गको उत्साह आवश्यक पर्ने उनको भनाइ छ ।

मोरङ क्षेत्र नम्बर ६ मा एमालेबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका पार्टी स्थायी कमिटी सदस्य लालबाबु पण्डित नेपाली राजनीतिमा निष्कलंक नेता भएको बस्नेतले बताए । 'मैले धेरै नेता र राजनीतिकर्मीसँग संगत गरेको छु । निष्कलंक र स्वच्छ छवि भएको नेता लालबाबुलाई पाएँ,' उनले भने, 'यसअघि निर्वाचित भएपछि आफ्ना क्षेत्रमा उहाँले धेरै विकास गर्नु भएको छ । तर कांग्रेस नेता शेखर कोइरालाले भने आफ्नो क्षेत्रका लागि केही पनि गरेको देखिएन ।'

चुनाव जितेर मन्त्री भएपछि लालबाबुले गरेका काम र दिएका योगदानलाई जनतासम्म पुर्‍याउनुपर्नेमा उनको जोड छ । बस्नेतले शेखरप्रति जनतामा आकर्षण नै नभएको पनि बताए ।

'जनता र समुदायमा लालबाबुको भिन्दै एवं गहिरो र सकारात्मक छाप छ । कुनै पनि विवादमा नपरेको नेता हो लालबाबु,' उनले भने, 'त्यही कारण उहाँलाई जनताबाट सधैं सम्मान मिल्छ । लालबाबु जतिको खुबी शेखरमा छैन ।' शेखरप्रति लक्षित गर्दै बस्नेतले भविष्य सकिएका मान्छेका पछि नलागिकन आगामी चुनावमा लालबाबुलाई जिताउन सबैमा आग्रह गरेका छन् ।

मुलुकले नहार्नका लागि एमालेले बहुमत ल्याउन आवश्यक रहेको उनको भनाइ छ । 'मुलुक बचाउनका लागि एमालेले जित्नै पर्छ । एमालेको नेतृत्व बिना विकास र समृद्धि सम्भव छैन,' उनले भने, 'अहिले एमालेले हार्दा सिंगो देशले हार्छ । यो कुरा सबैले बुझ्न जरुरी छ ।'

एमालेले सबै क्षेत्रलाई मिलाएर उम्मेदवार उठाएको बस्नेतको भनाइ छ । मधेसी, आदिवासी जनजाति, महिलादेखि लिएर सबै क्षेत्रलाई समेटेर एमालेले उम्मेदवार उठाएको उनले बताए ।

## नेपाललाई युक्रेन, श्रीलंका र फिजी नबनाउ

काठमाडौं । के नेपाललाई श्रीलंका, युक्रेन र फिजी जस्तो बनाइन लागेको हो ? केही तथ्य सहित यो गम्भीर प्रश्न उठाउनुभएको छ नेकपा एमालेका केन्द्रीय सदस्य गोविन्द थापाले ।

फेसबुकमा एक भिडियो ब्लग जारी गरेर विचार राख्दै नेता थापाले नेपाललाई आर्थिक रुपमा श्रीलंका, सामरिक रुपमा युक्रेन र जनसांख्यिक रुपमा फिजी बनाउन खोजिएको बताउनुभएको हो ।

'यो गठवन्धनले नेपाललाई श्रीलंका, युक्रेन र फिजी जस्तो बनाउन खोजेको छ, उनीहरुको यो उद्देश्य पूरा हुन दिन हुँदैन'- थापाको भनाई छ ।

नेपाललाई टाट उल्टाउने, आर्थिक रुपमा तन्नम र हाहाकार बनाउने, त्यसपछि देश संकटमा परेको भन्दै स्रोत नखुलेको रकम विदेशबाट भित्राउने दाउ गरिएको उहाँको भनाई छ । सत्ता गठवन्धनका केही नेता र तिनको परिवारले ठूलो रकम विदेशमा राखेको र त्यो कालो धनलाई सेतो बनाएर नेपाल भित्राउनका लागि नेपाललाई श्रीलंका बनाउन खोजिएको उहाँले बताउनुभएको हो ।

त्यसैगरी थापाले नेपाललाई युक्रेन जसरी युद्धमा फसाउन खोजिएको बताउनुभएको हो । आफ्नो भिडियो ब्लगमा उहाँले नेपालको परराष्ट्र नीतिमा पूरै विचलन आएको भन्दै वर्तमान गठवन्धनले एक चीन नीति त्यागेको भन्नुभएको छ ।

नेपाललाई युक्रेन जसरी युद्धमा फसाउने विदेशी शक्तिहरुको प्रयासलाई गठवन्धनले सघाएको उहाँको दावी छ । 'यो गठवन्धन सरकारले एक चीन नीति लगभग छाडेको छ'- उहाँको भनाई छ- 'नेपाललाई युद्धमा होमेर हतियार व्यापार गर्ने, सत्ता कब्जा गर्ने गठवन्धनका नेताहरुको उद्देश्य छ ।'

'नेपाललाई फिजी जस्तो बनाउने, नेपालमा नेपालीलाई नै अल्पमतमा पार्ने, नेपालीलाई नेपालमै शरणार्थी बनाउने विदेशीको चाहना पूरा गर्ने पात्रहरु अहिले फेला परेका छन्'- उहाँको भनाई छ ।

'यो गठवन्धनले जित्यो भने देशले हार्नेछ, नेपाल र नेपालीले दुख पाउने छन्'- थापाको भनाई छ ।

## नेपाली कांग्रेसका डा.शेखर कोईरालालाई बहुजन शक्ति पार्टीको समर्थन

विराटनगर । मोरङको निर्वाचन क्षेत्र नम्बर ६ मा प्रतिनिधि सभामा उमेदवारी दिएका बहुजन शक्ति पार्टीका नारायण पासवानले नेपाली कांग्रेसका शेखर कोइरालालाई समर्थन गरेका छ ।

पासवानले प्रतिनिधिसभामा कांग्रेसका कोइरालालाई समथर्न गर्ने निर्णय गर्दै आफ्नो उमेदवारी निष्क्रिय बनाएका हुन । प्रेस विज्ञप्ति प्रकाशित गरी नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास बोकेको पार्टी नेपाली कांग्रेसलाई समर्थन गर्न पाउँदा खुसी लागेको उल्लेख गरेका छन् ।

आफू र आफ्नो पार्टीका सबै कार्यकर्ता कांग्रेस उमेदवार कोइरालाको समर्थनमा चुनावी अभियानमा सक्रिय हुने पासवानको प्रस विज्ञप्तीमा उल्लेख छ । "नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास बोकेको पार्टी नेपाली कांग्रेसलाई मोरङ बहुजन शक्ति पार्टीले समर्थन गर्न पाउँदा हामी गौरवान्वित भएका छौ," विज्ञप्तिमा भनिएको छ, ।

"नेपाल बहुजन शक्ति पार्टीका हामी सबै प्रतिनिधिहरू डा. शेखर कोइरालाको चुनावी अभियानमा जुटेर उहाँलाई अत्यधिक मतबाट विजय गराउन सक्रिय भएर लाग्नका लागि पनि आह्वान गरेका छन् ।

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

## सजाय...

प्रपञ्च भागबन्डा र नियुक्तिका खेलले गर्दा माछो माछो, भ्यागुतो भए । अदालती प्रक्रिया र फैसला हेर्दा मरेपछि बाघको जुँगा उखेलियो भनेझैं छन्। ढिलो न्याय दिनु पनि न्याय नदिनु सरह हो ।

जहिले अनेक रूप र आवरणमा पटक-पटक सत्ता-राजनीतिको चौघेरोमा बसेर मुलुकलाई अस्थिरतातर्फ धकेल्न प्रयास गर्ने र देशलाई खोक्रो बनाउँदै लैजाने शक्तिलाई मतदाताले तिरस्कृत गर्नुपर्छ। अहिले केही अमूक दलहरूले संघीय निर्वाचनको समानुपातिकतर्फ पेश गरेको बन्दसूचीले समावेशी समानु पातिक व्यवस्थालाई घरानियाँकरण गरेको सङ्केत गर्छ। आगो ओकल्ने भाषण मात्रै दिने, नातावाद र कृपावादको साँघुरो घेराबाट उम्कन नसक्ने चरित्र अहिलेका शासकीय वृत्तको छ ।

भनिरहनुपर्दैन, जसलाई सजाय दिनुपर्ने हो उसैलाई सत्ताको बागडोर सुम्पिएपछि मुलुकको दुर्दिन सुरु हुन्छ । आज नेपाली राजनीतिमा मनी, मसल, माफिया र म्यानुपुलेसन हावी छन्। क्रान्तिकारी र त्यागी विचारधारा भएका नेता ओझेलमा छन्, तिनैलाई चुनाव जित्न मुस्किल हामीले नै बनाएका छौं । अरु बेला आलोचना गर्ने निष्कर्षमा पुग्ने तर मत हाल्ने बेला माफी दिने, भुलिदिने हाम्रो प्रवृत्ति सुधारिनुपर्छ ।

अहिलेको निर्वाचन अनुशासित नेता-कार्यकर्ताको पनि परीक्षा हो। लोकतन्त्र सङ्क्रमित हुँदै गएको यथार्थ हो। यसलाई एन्टिबायोटिक दिन ढिलाइ गरे व्यवस्था विरोधी लहर रगमगाउँदैन भन्न सकिन्न। किनभने जनताले मौलिक हक पनि पाउन नसकेको अवस्थामा जनताको शक्ति भन्दा ठूलो कुनै संविधान र व्यवस्था हुँदैन। लगाम विनाको घोडा भएका नेतृत्व र दलहरू सच्चिने आधार भनेकै मतादेश हो। जनमतको डर दलहरूलाई हुनैपर्छ ।

यसो त देश बिग्रनुको सबै दोष राजनीतिक दललाई मात्रै पनि छैन। हामी पनि कसैलाई अभियोग लाग्दैमा हुल मच्चाएर दोषी प्रमाणित गर्न उद्धत रहन्छौं । अधिकार खोज्छौं तर कर्तव्य बिर्सन्छौं। अर्कोतिर, शक्तिको चेक एन्ड ब्यालेन्स गर्ने उद्देश्यले बनेका संवैधानिक अङ्ग पनि कम दोषी छैनन्। हुन त फेरि प्रतिशोधी भावना बोकेर निर्णय क्षमतामा अभाव भएका विवादित पात्रलाई नियुक्ति गर्न संवैधानिक परिषद सम्बन्धी व्यवस्था नै फेरबदल गर्न रातारात अध्यादेश ल्याउने राजनीतिक दलकै अमूक नेता हुन्छन्। र, लोकतन्त्रको हुर्मत लिने प्रयास गरेका तिनै नेता आज प्रधानमन्त्रीको दाबेदार छन्। अझै शक्तिशाली बन्छन् बन्दैनन् भन्ने चाहिं हामी मतदातामा नै निहित छ !

भन्ने गर्छौं, तन्त्र फेरियो तर कार्यशैली फेरिएन। मुलुकको हित र भविष्य हेरिएन। पात्र फेरिए तर प्रवृत्ति फेरिएन। आफूलाई निर्विकल्प सम्झने शासकीय वृत्त सुध्रन नचाहेको आभास हामीमाझ छ। सत्य यो पनि हो एकैपटक देश कायापलट गराउने जादु कसैमा छैन । तर क्रमिक सुधार सम्भव छ यदि मतदाता यसैपालि सचेत रहने हो भने । राजनीतिक कोर्स पनि अवश्य सच्चिनेछ। त्यसैले नबिर्सौं, मुलुक बेथितिको फन्दामा नपुग्दै जोगाउनुपर्ने दायित्व मतदान मार्फत हामीमाझ आएको छ। आफू पनि सचेत बनौं, अरुलाई पनि सचेत बनाऔं !

अनलाईन खबरवाट